'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न बिर्सन्छौं ।' - मदर टेरेसा

6th ANNIVERSARY

हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

वार्षिक ग्राहक शुल्क १०००

www.rekhadekh.com

रुकुमको लोकप्रिय पत्रिका

राष्ट्रिय साप्ताहिक

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा

सूचना तथा विज्ञापन छपाई गर्नु परेमा

पत्रिका नियमित नआएमा

समाचार तथा विचार छपाई गर्नु परेमा

सम्पर्कको लागि :

९८५१२३६७१३,९८४७८७६७१३

Email-info@rekhadekh.com

वर्ष ६ अंक १४ रुकुम २०७६ फागुन २६ सोमबार 9 March 2020 Monday पृष्ठ ४




### कि तानाशाही रोज्ने

विसं २००७ साल यताका कुनै पनि सरकारले पूरा कार्यकाल काम गर्न नपाएको सन्दर्भमा जनताले नेकपालाई पूर्ण बहुमतको विजयमाला पहिराइए। २



### हिमाल सेतै छ

रुकुम पश्चिमको साँख किटनीबाट देखीएको सिस्ने हिमालको दृष्य । यस वर्ष फागुन अन्तिम सातासम्म हिमपात भएका कारण हिमाले सेताम्मे बनेका छन् । ३



### यो हो दुनियाकै ठूलो नुनको मैदान

यो नुन मैदान बोलिभियाको सबैभन्दा लोकप्रिय पर्यटकीय क्षेत्र पनि बनेको छ । त्यो विशाल सेतो मैदान हेर्नका लागि विश्वभरबाट बर्षेनी लाखौं पर्यटकहरु त्यहाँ ..। ४

## 'स्मार्ट कृषि गाउँ'

# कार्यक्रम प्रभावकारी नभएको गुनासो

**रेखदेख संवाददाता**

**रुकुम पूर्व**

स्मार्ट कृषि गाउँ कार्यक्रम प्रभावकारी हुन सकेको छैन् । प्रदेश ५ सरकारले गत वर्ष जिल्लाका विभिन्न क्षेत्रमा सुरु गरेको स्मार्ट गाउँ कार्यक्रम प्रभावकारी नभएको हो ।

प्रदेश ५ सरकारले भूमे गाउँपालिका-१, लुकुमलाई स्मार्ट भेडा पालन र सिस्ने-८ को पाटागाउँ र झिमखोलालाई सुन्तला स्मार्ट कृषि गाउँ घोषणा गरेको थियो ।

स्मार्ट कृषि गाउँको विकास र प्रर्वद्धनका लागि प्रदेश ५ सरकारले ५०/५० लाख रुपैयाँ बजेट आएको थियो । सिस्ने गाउँपालिका र भुमे गाउँपालिका थप १०/१० लाख रुपैयाँ विनियोजन गरेको थियो। अहिलेसम्म यी गाउँमा ६० लाख रुपैयाँ खर्च गरिए पनि किसानमाझ स्मार्ट कृषि गाउँ प्रभावकारी बन्न सकेको छैन् ।

रुकुम पूर्वको लुकुम कृषि गाउँ कार्यक्रम अर्न्तगत आर्थिक वर्षमा रु.९ लाख ५० हजार रुपैयाँमा भेडा गोठालाहरूका लागि बस्ने जस्तापाताको छानो भएको छाप्रो ७ वटा बनेका छन्। त्यस्तै आकासे



पानी ट्याङ्की ७ वटा रु.१ लाख ५० हजार रुपैयाँ, भेडा पखाल्ने ड्याम ७ वटा रु. १ लाख रुपैयाँ, फोहरमैला व्यवस्थापनका लागि खाल्डो रु. १ वटा २० हजार रुपैयाँ र स्मार्ट कृषि गेट १ वटा रु.१ लाख ५० हजार रुपैयाँमा बनेका छन् ।

तर स्मार्ट गाउँ कार्यक्रम मार्फत निर्माण भएका आयोजनाले किसानलाई समेट्न नसकेको भुमे गाउँपालिका १ का प्रजीत गुरुङले जानकारी दिएका छन् ।

यता सिस्ने गाउँपालिकाको पाटा गाउँमा सानो भण्डारघर बनाइएको छ। एउटा गेट निर्माण गरिएको छ। तर स्मार्ट गाउँ कार्यक्रममा नयाँ बिरुवा लगाउने, सुन्तला उत्पादन बढाउन, बजारीकरणका लागि ध्यान दिएको छैन ।

स्मार्ट कृषि गाउँ कार्यक्रम प्रभावकारी नभएको स्थानीय किसानले गुनासो गरेका छन् । स्थानीय कर्णबहादुर पुन भने, 'किसानका समस्यालाई कृषि स्मार्ट गाउँ कार्यक्रमले समेट्न सकेको छैन् ।'

सुन्तला सजिलै बजार पुग्लान् भन्ने सोचेका किसान अहिले निराश छन्। 'स्मार्ट कृषि गाउँ भएपछि सुन्तला फलाउने, व्यावसायिकता बढाउने काम हुन्छ कि भन्ने लागेको थियो,' स्थानीय रमेश पुनले भने, 'तर, हामी किसानले खासै महसुस गर्न पाउने गरी केही भएन ।' बगैंचासम्मै सडक पुगे पनि सुन्तला बोकेरै बजार पुऱ्याउनु पर्ने अवस्था कायमै रहेको उनले बताए । बजार अभावमा किसान आफैंले डोकोमा बोकेर सुन्तला बेच्छन्। घरघर तथा बजारमा सुन्तलाका डोको डुलाएर गरिने व्यापार नछुटेको पुनको भनाइ छ। रोग लागेपछि उपचार, सुन्तला फलेपछि बजार नभएपछि स्मार्ट कृषि गाउँको महसुस किसानले गर्न नपाएको उनले बताए ।

उक्त वडाका पाटा र झिमखोलासहित लम्पाकोट, सादनचौर, नाथिगाड, भुरुंगालगायत गाउँमा पनि सुन्तला फल्ने गर्छन । व्यवस्थित भण्डारण र सजिलै बजार पुऱ्याउन नसकेपछि फलेका सबै सुन्तला बिक्री नहुने किसानले बताएका छन्। स्मार्ट कृषि गाउँ सञ्चालक समितिमा किसान नपरेको गुनासो छ। स्मार्ट कृषि गाउँ सञ्चालक समितिका अध्यक्ष कर्णबहादुर खत्रीले भने स्मार्ट कृषि गाउँ कार्यक्रममार्फत सुन्तला, कागतीका बिरुवा वितरणदेखि प्रविधि र तालिम दिइएको दाबी गरेका छन् ।

## बिकास माग्ने र दिनेहरु नै समृद्धिका बाधक

**रेखदेख संवाददाता**

**मुसीकोट**

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले विकास माग्ने र दिनेहरुनै विकासका बाधक भएको बताएका छन् ।

रुकुम पश्चिमको जिल्ला सभा तथा समीक्षा गोष्ठीको उद्घाटन गर्दै मुख्यमन्त्री शाहीले विकास र समृद्धिको बाधक भनेको योजना माग्ने र दिनेहरु नै भएका बताएका हुन् ।

विकासमा विचौलिया हाबी भएकाले समस्या परेको उनको भनाई रहेको छ । विकासका लागि दिइने बजेट, माग गरिने योजनामा स्वार्थसिद्धिका लागि लाग्नेहरु घुसेका कारण अपेक्षाकृत विकास हुन नसकेको मुख्यमन्त्री शाहीको दाबी छ ।

विस्तृत परियोना प्रतिवेदनभन्दा पनि मन लागेको विकास माग्ने गरिएको भन्दै उनले दिनेले पनि मनपरि रुपमा दिंदा समस्या आएको मुख्यमन्त्री शाहीको भनाई रहेको छ ।

योजना र बजेट दिने त्यसको प्रभावकारी अनुगमन नहुँदा पनि समस्या भएको हो ।

योजना र बजेट मागिएको ठाउँको अनुगमन गर्दा कतै योजना नै नभएको कतै थोरै मात्रै काम गरेर अलपत्र छाडिएको पाइएको भन्दै उनले कतै कम लगानीमा बन्नुपर्ने योजनमा पनि धेरै बजेट माग गर्ने र दिने गरेको समेत पाइएको जानकारी दिएका छन् ।

## जातीय भेदभाव कानूनी अपराध हो

कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भदेभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

त्रिवेणी गाउँपालिकाको कार्यालय
रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल

# रुकुम पश्चिममा सवारी कारबाहीबाट झण्डै ९ लाख राजश्व

**रेखदेख संवाददाता**

**मुसीकोट**

रुकुम पश्चिममा सवारी कारबाहीबाट झण्डै ९ लाख राजश्व संकलन भएको छ। जिल्ला ट्राफिक कार्यालय रुकुम पश्चिमले चालू आर्थिक वर्षको ७ महिना (साउन दखी माघ मसान्त) सम्ममा रु. ८ लाख ८४ हजार रुपैयाँ राजश्व संकलन गरेको छ ।

सबैभन्दा बढी माघ महिनमा राजश्व संकलन भएको छ। माघ महिनामा मात्र ३ लाख २० हजार ५ सय रुपैयाँ राजश्व संकलन भएको जिल्ला ट्रूफिक कार्यलय रुकुम पश्चिमले जानकारी दिएको छ । माघ महिनामा मात्रै ६ सय २० वटा सवारी साधन कारवाहिमा परेका थिए। त्यस्तै पुस महिनामा १२८ वटा सवारी साधनबाट १ लाख २६ हजार ५ सय राजश्व संकलन भएको थियो । भने मंसिर महिना ४२ वटा सवारी साधन कारवाहिमा परेका थिए । जसबाट १ लाख रुपैयाँ राजश्व संकलन भएको थियो । त्यस्तै कार्तिक महिनामा १ लाख २४ हजार, असोज महिनामा ९१ हजार भदौ महिनामा ८७ हजार ५ सय र साउन महिनामा ३४ हजार ५ सय राजश्व संकलन भएको थियो ।

साउन देखी माघ मसान्त सम्मको अवधिमा ट्राफिक नियम उलंघन गर्ने ९ सय ६१ वटा सवारी साधन कारवाहिमा परेको जिल्ला ट्राफिक प्रहरी कार्यालय रुकुम पश्चिमका इन्चार्ज लक्ष्मण विकले जानकारी दिएका छन्। उनका अनुसार सबैभन्दा बढी मोटरसाइकल कारवाहिमा परेका छन् । यस अवधिमा ५०७ वटा मोटरसाईकल, ११८ वटा बस, ३८ वटा ट्रक, १०६ र १२९ वटा जीपले ट्राफिक नियम उलंघन गरेका थिए ।

| महिना | कारबाहीमा परेका सवारी साधनको बिवरण | राजश्व संकलन | कैफियत |
|---|---|---|---|
| साउन | ५० | रु.३४,५००। | |
| भदौ | १२५ | रु.८७,५००। | |
| असोज | १२९ | रु.९१,०००। | |
| कार्तिक | १४९ | रु. १,२४,०००। | |
| मंसिर | १०८ | रु. १०००००। | |
| पुस | १२८ | रु. १,२६,०००। | |
| माघ | ३२० | रु. ३,२०,५००। | |
| स्रोत जिल्ला ट्राफिक प्रहरी कार्यालय रुकुम पश्चिम | | | |

बालबालिका माथि हुने हिंसा, दुर्व्यबहार, शोषण भएको, जोखिमपूर्ण अवस्थामा रहेको वा बाल अधिकारको उलंघन भएको छ भने बाल हेपलाइनको पैसा नलाग्ने फोन नं.१०९८ मा खबर गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

*'बाटो कहाँ जान्छ, त्यहा नजानुहोस् बरू त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन*

## सम्पादकीय

### लागु औषधको ट्रान्जिट प्वाइन्ट रूकुम

रुकुम पश्चिम लागु औषधको ट्रान्जिट प्वाइन्ट बनेको छ । पछिल्लो समय रुकुम लागु औषधको ट्रान्जिट प्वाइन्ट बन्न थालेको हो । विभिन्न पहाडी जिल्लामा उत्पादन भएको लागुऔषध रुकुमलाई केन्द्र बनाइ ओसारपसार गर्ने गरि एको तथ्यांकले पुष्टि गरेको छ ।
रुकुम आगुऔषध कारोबारीहरुको अखडा बन्दै गएको देखिएको हो । छिमेकी जिल्ला रुकुम पूर्व र डोल्पा जिल्लाबाट सहज रुपमा लागुऔषध ओसारपासार गर्ने भएकाले व्यापारीहरु ट्रान्जिट प्वाइन्ट रुपमा प्रयोग गदै आएको छ । रुकुम पश्चिम लागु औषध कारोबारीहरुले ट्रान्जिटकै रुपमा उपयोग गरेको प्रहरी अनुसन्धानले देखाएको छ । हरेक वर्ष रुकुम पश्चिमबाट ठूलो मात्रामा अफिम, ब्राउन सुगर, चरेस गाँजालगायतमा लागु औषधहरु प्रहरीले बरामत गर्ने गरेको छ ।
लागुऔषधको कारोबार डरलाग्दो देखिएको र यहाँबाट दाङ नेपालगञ्ज हुँदै भारतसम्म ओसापसार गर्ने व्यापारीहरुको ठुलो सञ्जाल रहेको देखिएको छ । यसका भरिया तथा श्रमिकहरु मात्र समातिएकाले मुख्य कारोबारीसम्म पुग्न मुस्किल छ । राम्रो आम्दानी हुने देखेर विपन्न र महिलाहरु कारोवार र ओसार पसारमा संलग्न हुने गरेका छन् । झण्डै साढे तीन वर्षको अवधिमा रुकुम पश्चिमका २४७ केजी ४३१ ग्राम लागुऔषध बरामत भएको छ । जसमा सबैभन्दा बढी चरेस, गाँजा र ब्राउन सुगर रहेको छ । जसबाट ४३ जना पक्राउ समेत परेका छन् । जसमध्ये ३८ जना पुरुष र ५ जना महिला रहेका छन् । आर्थिक रुपमा विपन्न तथा बेरोजगार युवा युवतीहरु प्रलोभनमा परी लागु औषध कारबारमा जानी नजानी फसीरहेका छन् । यसको न्यूनीकरणको लागि गाउँ गाउँमा जनचेतना फैलाउनु पर्दछ । स्थानीय सरकारले गरिव तथा बेरोजगारहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता देखिन्छ ।

# कि तानाशाही रोज्ने

**विसं २००७ साल यताका कुनै पनि सरकारले पूरा कार्यकाल काम गर्न नपाएको सन्दर्भमा जनताले नेकपालाई पूर्ण बहुमतको विजयमाला पहिराइए । परन्तु, अध्यक्ष केपी ओली नेतृत्वको शक्तिशाली सरकारले यो दुई वर्षको अवधिमा कमिसन, भ्रष्टाचार, अनियमितताबाहेक देखाउन मिल्ने ठोस उपलब्धि दिन त सकेन नै पूरा कार्यकाल सत्ता सञ्चालन गरेर राजनीतिक स्थायित्व दिन्छ भन्ने विश्वास आफ्नै पार्टी नेकपाका कार्यकर्ताले समेत गुमाइसकेका छन् ।**



जगत नेपाल

उग्रराष्ट्रवाद तथा राजनीतिक स्थायित्व र समृद्धिको नाराले नेपाल कम्युनिस्ट पार्टी (नेकपा)लाई सत्तामा पुर्‍यायो । त्यो पनि करिब दुई तिहाइ बहुमतका साथ । विसं २००७ साल यताका कुनै पनि सरकारले पूरा कार्यकाल काम गर्न नपाएको सन्दर्भमा जनताले नेकपालाई पूर्ण बहुमतको विजयमाला पहिराइए । परन्तु, अध्यक्ष केपी ओली नेतृत्वको शक्तिशाली सरकारले यो दुई वर्षको अवधिमा कमिसन, भ्रष्टाचार, अनियमितताबाहेक देखाउन मिल्ने ठोस उपलब्धि दिन त सकेन नै पूरा कार्यकाल सत्ता सञ्चालन गरेर राजनीतिक स्थायित्व दिन्छ भन्ने विश्वास आफ्नै पार्टी नेकपाका कार्यकर्ताले समेत गुमाइसकेका छन् ।
ओली सरकार त एउटा उदाहरणमात्र हो । दुई सय वर्षको इतिहासमा प्रधानमन्त्री बनेका ३८ मध्ये छ जनाबाहेक कुनै सरकार प्रमुखले पाँच वर्ष कार्यकाल पूरा गर्न पाएनन् । अझ अचम्मको कुरा त के भने २००७ साल यताका कुनै पनि प्रधानमन्त्री पूरा कार्यकाल पदमा टिकेका छैनन् ।
नेपालको निर्वाचन इतिहासमा बीपी र ओलीले दुई तिहाईको सरकार बनाउने ऐतिहासिक अवसर पाए । तर, २०१७ पुष १ मा राजा महेन्द्रले सैन्यबलमा देशकै पहिलो जननिर्वाचित सरकार माथि 'कु' गरे र सत्ताको वागडोर सम्हालेको १८ महिनामै दुई तिहाइका प्रधानमन्त्री बीपीलाई जेल हाले । संयोगले छ दशकपछि अपार जनमतबाट ओली प्रधानमन्त्री भएका छन् ।
बीपीको कार्यकाल र अहिलेको युगलाई तुलना गर्न मिल्दैन । त्यस बेलाको समाज, राजा महेन्द्रको महत्वाकांक्षा र राजाको स्वीकृतिविना निर्वाचित सरकार हल्लिनसमेत नसक्ने संविधान हुँदा पनि बीपीले क्रान्तिकारी भूमिसुधार, समाजवादी कर प्रणाली र प्रगतिशील कानुन बनाउने काम गरे । जनता शक्तिशाली भए राजतन्त्र कमजोर हुन्छ भन्ने बुझेर राजाले 'कु' गरे ।
अहिले राजाविहीन गणतान्त्रिक समाज, स्वतन्त्र मिडियाका कारण जनादेशबमोजिम काम गर्दा इतिहास बनाउने ठूलो मौका ओलीका लागि छ । उनका लागि झिनो चुनौती छ भने पार्टीभित्रको आन्तरिक विवाद व्यवस्थापनमात्र ।
अहिलेसम्मको कार्यशैली हेर्दा भने ओलीले लोकतान्त्रिक गणतन्त्रलाई बदनामीबाहेक केही दिने संकेत देखिँदैन । बरु उनको असफलताले दुई तिहाइ राजनीतिक स्थिरताको मानक होइन भन्ने नयाँ सिद्धान्त स्थापित हुनेछ । अनि गरिब र अविकसित मुलुकका लागि लोकतान्त्रिक व्यवस्थाले स्थायित्व दिन सक्दैन भन्नेहरुलाई बल पुग्नेछ ।
आखिर नेपालमा राजनीतिक अथिरताको कारण के हुन सक्छ ?
नेपाली राजनीतिक इतिहासको कटु सत्य के भने यहाँ औसत वर्ष दिनमा सरकार बन्ने र विघटन हुने गरेका छन् । भीमसेन थापादेखि केपी ओलीसम्म आइपुग्दा २ सय १४ वर्षको अवधिमा ३८ जना प्रधानमन्त्री भए । तीमध्ये भीमसेन थापाले ३१ वर्ष, जंगबहादुर राणाले ३० वर्ष, रणोद्दिप सिंहले ९ वर्ष, वीरशमशेरले ५ वर्ष, चन्द्रशमशेरले २८ वर्ष र जुद्धशमशेरले १३ वर्ष शासन चलाए । बाँकी ३२ मध्ये फत्तेजंग शाह, भीमशमशेर, पद्मशमशेर, मोहनशमशेर, सूर्यबहादुर थापा र गिरिजाप्रसाद कोइराला छ जनामात्र लगातार ३ वर्षभन्दा बढी प्रधानमन्त्री हुन पाए । तीस वर्ष पञ्चायती काल खण्डमा थापा नै लामो समय सरकार चलाउने (सन् १९७९ देखि १९८३) प्रधानमन्त्री हुन् । त्यसैगरी २०४६ यता गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले (सन् १९९१ देखि १९९३) अवधि टिकेको रेकर्ड बनायो ।

**विसं २००७ देखि २०१७**
यो १० वर्षमा १० वटै सरकार बने । तिनको औसत आयु साढे ११ महिनामात्र थियो । राजा त्रिभुवनको परामर्शदात्री सरकार (३० साउन २००९) १० महिना र राजा महेन्द्रको रोयल एड्भाइजरी सरकार (१ बैशाख २०१२) ९ महिनामै पतन भएको थियो । टंकप्रसाद आचार्य नेतृत्वको सरकार १८, केआई सिंहको चानचुन साढे तीन महिनामै ढल्यो । यस कालखण्डमा संसद्बाट विजयी भएर बनेको बीपी कोइराला नेतृत्वको सरकार (१३ जेठ २०१६) सबैभन्दा बढी समय अर्थात् १८ महिना १६ दिनसम्म टिक्यो ।

**विसं २०१७-२०३६**
विसं २०१७ पुस १ पछि बनेका १७ सरकारको औसत आयु पनि करिब १५ महिना रह्यो । विसं २०२० सालमा राष्ट्रिय पञ्चायतको व्यवस्था भयो । नामको संसद् भए पनि सरकार बनाउने र विघटन गर्ने अधिकार राजामै थियो । प्रधानमन्त्री बन्न चुनावमा जित्नै पर्छ भन्ने थिएन । प्रधानमन्त्री छान्ने, हटाउने, मन्त्री बनाउने, हटाउने कुरा राजाको तजबिजमा भर पर्थ्यो । यो काल खण्डमा डा. तुलसी गिरीको नेतृत्वमा २०२० फागुन १४ गते बनेको सरकार १ महिना १२ दिन र सूर्यबहादुर थापाको नेतृत्वमा २०२० माघ १३ गते बनेको सर कार १९ दिन मै पतन भएको थियो ।

**विसं २०३७-२०४६**
विसं २०३६ सालको जनमत संग्रहपछि राष्ट्रिय पञ्चायतले चुनेको व्यक्ति सरकार प्रमुख बन्ने परिपाटी सुरु भए पनि दरबारको इसारामा प्रधानमन्त्री बनाउने र हटाउने काम भए । यस अवधिमा बनेका पाँच सरकारमध्ये कुनै पनि पूरै अवधि अर्थात् पाँच वर्ष टिक्न पाएनन् । विसं २०४३ असार २ गते बनेको मरिचमान सिंहको सरकार सबैभन्दा बढी अर्थात् ४५ महिना २१ दिन टिक्यो भने जनआन्दोलन उचाइमा पुगेको बेला २०४६ चैत्र २४ गते बनेको लोकेन्द्रबहादुर चन्दको सरकार सबै भन्दा कम ११ दिनमै पतन भयो । विसं २०४२ चैत्रमा बनेको नगेन्द्रप्रसाद रिजालको सरकार पनि २ महिना २३ दिनमात्र चल्यो ।

**विसं २०४६-२०५९ असोज १८**
विसं २०४६ सालको जनआन्दोलन पछि कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारले एक वर्षभित्रै संविधान जारी गरी आमनिर्वाचन गरायो । यस अवधिमा भएका तीन संसदीय चुनावमध्ये दुईमा कांग्रेसले स्पष्ट बहुमत पायो तर स्थिर सरकार दिन सकेन । यस कालखण्डमा संसद्बाट १० वटा सरकार बने । तिनमा २०४८ जेठ १५ गते गठन भएको गिरिजाप्रसाद कोइरालाको सरकार सबैभन्दा लामो समय अर्थात ४१ महिना २८ दिन टिक्यो भने २०५१ को त्रिशंकु संसद्मा नेकपा (एमाले) को सहयोगमा २०५३ फागुन २९ गते बनेको लोकेन्द्रबहादुर चन्दको सरकार ६ महिना २३ दिन र र नेपाली कांग्रेसको सहयोगमा २०५४ असोज २१ गते बनेको सूर्यबहादुर थापाको सरकार ६ महिना १० दिन चले ।
विसं २०५६ को आमचुनावमा कृष्णप्रसाद भट्टराईलाई भावी प्रधानमन्त्रीका रुपमा प्रस्तुत गरेर बहुमत पाएको कांग्रेस पनि राजनीतिक स्थिरता दिन सकेन । भट्टराईलाई बलपूर्वक राजीनामा गराई गिरिजाप्रसाद कोइराला सत्तामा पुगे । दरबारिया खेल र कांग्रेस पार्टीको आन्तरिक किचलोका कारण कोइराला सरकारसमेत छिटै पतन भयो ।
अनि सत्तामा पुगेका शेरवहादुर देउवाले २०५९ जेठ ८ गते मध्यरातमा रहस्यमय ढंगवाट संसद् विघटन गरिदिए । त्यसको चार महिनापछि तत्कालीन राजा ज्ञानेन्द्रले निर्वाचन गराउन अक्षम रहेको आरोप लगाउँदै देउवालाई बर्खास्त गरिदिए । अनि सुरु भयो राजाको आफूखुसी सरकार बनाउने र भत्काउने खेल । राजाबाट मनोनीत (लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा) सरकारको औसत आयु सात महिनामात्र थियो । तीनैवटा सरकारलाई माओवादीसँग शान्ति वार्ता गर्ने र यथाशीघ्र चुनाव गराउने जिम्मेवारी तोकिएको थियो । विसं २०६० जेठ २१ गते सूर्यबहादुर थापाको अध्यक्षतामा गठित १२ महिने सरकार नै यो कालखण्डमा लामो समय टिक्यो । विसं २०६१ माघ १९ गते मुलुकको कार्यकारी अधिकार लिएर राजा ज्ञानेन्द्रले सञ्चालन गरेको सरकार पनि १४ महिनाभन्दा बढी टिक्न सकेन ।
जनआन्दोलन २०६३ को सफलतासँगै राजाका सम्पूर्ण अधिकार खोसिए । आन्दोलनरत सात दलको गठबन्धनका नेता गिरिजाप्रसाद कोइराला मुलुकको प्रधानमन्त्री बने । विसं २०६४ चैत्रमा ऐतिहासिक संविधानसभा चुनाव गराएर कोइराला बिदा भए ।

**गणतान्त्रिक सरकार**
छ दशकको जनचाहनाबमोजिम पहिलो पटक २०६४ चैत्रमा सम्पन्न संविधान सभा निर्वाचनपछि माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भए । प्रधानसेनापति रुक्माङ्गद कटवाललाई हटाउने असफल प्रयासमा दाहाल सरकार नौ महिनामै पतन भयो । यस अवधिमा माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई प्रधानमन्त्री भए । तर, संविधान दिन नसकेर संविधान सभा स्वतः विघटनको मुखमा पुग्यो । त्यसपछि बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको चुनावी सरकारले दोस्रो संविधान सभा निर्वाचन गरायो । अनि कांग्रेस सभापति सुशील कोइराला प्रधानमन्त्री भए । उनकै नेतृत्वमा संविधान जारी भयो । कोइरालापछि केपी ओली, पुष्पकमल दाहाल र शेरबहादुर देउवा सरकारमा आए । त्यस यता २०७४ को आमचुनावमा बहुमत पाएपछि नेकपा अध्यक्ष ओली प्रधानमन्त्री भएका हुन् ।

**के हो अस्थिरताको जड**
राणा कालमा बनेका १० मध्ये पाँच प्रधानमन्त्रीले पाँच वर्षभन्दा बढी काम गर्न पाए । राणा प्रधानमन्त्रीहरूमा रणोद्दीप मारिए भने देवशमशेरलाई निकाला गरियो । पद्मशमशेर र जुद्धशमशेरलाई पदत्याग गर्न बाध्य पारियो । जंगबहादुर, वीरशमशेर, चन्द्रशमशेर र भीमशमशेरमात्र बाँचुन्जेल प्रधानमन्त्री भए ।
पञ्चायत र बहुदल कालका पनि कुनै सरकार पूरा कार्यकाल नटिक्नुको दोष राजनीतिक दल र नेताहरुले दरबारलाई लगाउदै आएका थिए ।
पञ्चायतकाल भर पञ्चपञ्च भिडाएर अनि बहुदलकाल (२०४६-२०६५) मा दल र नेतालाई लडाएर दरबारले अस्थिरता बनाई राख्यो भन्ने धेरैको बुझाए देखिन्छ । तर, आफ्नो हैकम देखाउन दरबारले जेजस्तो रणनीति अपनाए पनि सत्ता र शक्ति प्राप्तिका लागि जीवन भरको लगानी र नैतिकता दाउमा राख्ने नेताहरु पनि अस्थिरताका लागि कम दोषी छैनन् । राजनीतिशास्त्री हरि शर्मा भन्छन् - २०४८ सालपछि (बहुदल काल) नेपालका प्रधानमन्त्रीहरुमा प्रायः राजा र भारतलाई खुसी बनाए आफ्नो सत्ता सुरक्षित हुन्छ भन्ने मनोभावना थियो । उनीहरु न दरबार, न भारतका बारेमा कुरा गर्न चाहन्थे । राजतन्त्र रहुन्जेल राजनीतिक अस्थिरताको दोष दरबारलाई दिएर उम्किने सुविधा दल र नेताहरुलाई थियो । अब त राजा गएको पनि दशक नाघिसक्यो ? नेता आफैं राजाको भूमिकामा छन् ।
राजनीतिक अस्थिरताको दोष कसलाई दिने ?

*बाह्रखरी डटकमबाट*

रेखदेख
पाठक वर्गमा अनुरोध
तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरू कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४७८७६७१३ ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला ।
- सम्पादक

रेखदेख
रुकुमको लोकप्रिय पत्रिका
२०७६ फागुन २६ सोमबार । 9 March 2020 Monday
हामी जे देख्छौं, त्यही लेख्छौं
समाचार

www.rekhadekh.com


रुकुम पश्चिमको साँख किटनीबाट देखीएको सिस्ने हिमालको दृष्य । यस वर्ष फागुन अन्तिम सातासम्म हिमपात भएका कारण हिमाले सेताम्मे बनेका छन् । तस्वीर : रेखदेख

# जनबिकास मा.बि. सरसफाइ उन्मुख बिद्यालय घोषणा


■ रेखदेख संवाददाता
घेत्मा

रुकुम पश्चिमको एक बिद्यालय पुर्न सरसफाइ उन्मुख बिद्यालय घोषणा भएको छ । रुकुम पश्चिमको आठबिसकोट नगरपालिका -१४ स्थित जनबिकास मा.वि. ज्यामिरकोट टाकुरालाई पुर्ण सरसफाइ उन्मुख बिद्यालय घोषणा भएको हो । नेपाल सरकारले तय गरेका सरसफाइका सबै आधारभुत सुचकहरु पूरा गरेको भन्दै बिद्यालयमा एक कार्यक्रम गरि पूर्ण सरसफाइ उन्मुख बिद्यालय घोषणा गरिएको छ ।



कार्यक्रमका प्रमुख अतिथि हुकुम बहादुर पुन, विशेष अतिथी सुरजकुमार परियार र चिन्ताराम शर्माले संयुक्त रुपमा पुण सरसफाइ उन्मुख बिद्यालय घोषणा गरेका हुन् । साथै बिशेश अतिथि सुरजकुमार परियार, बिद्यालय निरिक्षक इन्द्रबहादुर बिष्ट, जनप्रतिनिधि भद्र मल्ल, चिन्ताराम शर्मा, वडा सचिव शर्पु मल्ल, कर्ण बहादुर मल्ल , भरत मल्ल लगायतले शुभकामना मन्तव्य राखेका थिए । प्रमुख अतिथी हुकुमबहादुर पुन, इन्द्र बिष्ट लगायत अन्य अतिथिहरुले बिद्यालयलाई सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

अब सधैं ब्यक्तिगत, स्कुल र सामुदायिक सरसफाई गर्ने बिद्यालय परिवारले प्रतिबद्धता जाहेर गरेको छ । साथै बिद्यालयले सार्वजनिक सुनुवाइ एवम अभिभावक शिक्षा पनि सम्पन्न गरेको छ । बिद्यालयको समग्र शैक्षिक एवम आर्थिक प्रतिबेदन प्रधानाध्यापक दिपकसगम थापाले प्रस्तुत गरेक थिए । करिव ६५० जना सहभागीहरुको सहभागीता रहेको थियो ।
गणेशा मल्लको स्वागत मन्तव्य बाट शुरु भएको उक्त कार्यक्रमको सन्चालन हरि बहादुर मल्लले गरेक थिए । भने अध्यक्षता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरि प्रसाद शर्माले गरेका थिए ।




## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

सिस्ने गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

## रेखदेख साप्ताहिक राशिफल

२६ फागुन-२ चैत २०७६
9-15 March 2020

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं.** ९८४७८४४०९५

**मेष :** प्रयास बाट कार्यहरु सजिलै बन्नेछन । अध्ययनमा सफलता रहनेछ । बौद्धिकतामा सफलता रहनेछ । नाम कमाउने कार्यमा लाग्ने समय रहेको छ । सामाजिक कार्य बाट सफलता रहनेछ । सन्तान पक्ष बाट साथ र सहयोग रहनेछ । कृषि तथा पशुचौपाय बाट ठिकै रहला । सेवामुलक कार्य बाट ठिकै रहला ।

**वृष :** सपार्टनर तथा साझेदारी कार्यमा समस्या आउने देखिन्छ । अनाबश्यक उताव चडाव बढने समय रहेको छ । बोल्दा बिचार गरेर बोल्नु होला । आफनो आन्तरिक योजना गोप्य राखेर अगाडि बढनु होला । आमा वा अग्रज माताको सहयोग बाट काम बन्नेछ । कुनै पनि कार्य गर्दा सोचबिचार गर्नुहोला ।

**मिथुन :** समय लाई चिन्न नसक्दा केहि समस्या आउनेछ । अरुको सल्लाह सुझाव लाई मध्यनजर गरेर अगाडि बढनु होला । बिगतको कमजोरीले कार्यमा समस्या आउनेछ । साथ र सहयोग गर्नेहरु बाट धोका रहनेछ । तपाईको मेहनत बाट कार्यमा अबश्य सफलता रहनेछ । समय लाई व्यवस्थापन गर्नुहोला ।

**कर्कट :** तपाईको कार्य बाट अरुलाई बढि सहयोग रहनेछ । बिगतमा रोकिएका कामहरु बन्ने समय देखिन्छ । शैक्षिक क्षेत्रमा सफलता रहनेछ । सहयोगिहरुको साथ र सहयोग रहनेछ । बिशेष कार्यक्रममा सहभागि रहने समय रहेको छ । आफनो बोली बचनलाई समधुरता ल्याउने प्रयास गर्नुहोला ।

**सिंह :** आकर्षक पहिरनमा देखिने समय रहेको छ । मिष्ठान भोजनको समय रहेको देखिन्छ । बिगतको कार्य सफलताले हौसला मिल्ने समय देखिन्छ । नयाँ कामको प्रस्ताव आउने छ । टाढिएका साथीहरु सग भेटघाट गर्ने समय रहेको छ । हतारमा काम नगर्नु होला । गफगाफमा बढि समय बित्ने देखिन्छ ।

**कन्या :** खर्चमा बृद्धि रहने समय छ । व्यापार व्यवसायमा केहि लगानी गर्नुपर्ने समय छ । मेहनत तथा लगनशीलताले कार्यमा सफलता हुनेछ । छेनिक फाईदा लिन खोज्दा कार्यमा बाधा रहनेछ । यात्राको समय देखिन्छ । घर बाहिरको कार्य बाट लाभ रहनेछ । बादविवादमा नफस्नु होला । दैनिक कार्यमा ठिकै छ ।

**तुला :** दिर्घकालीन फाईदा हुने कार्यमा लगानी गर्ने समय छ । पार्टनर तथा साझदारी कार्यमा सफलता रहने समय छ । घर परिवारको लागि आवश्यक पर्ने सामाग्री जोडने समय छ । आम्दानीका स्रोतहरु बढने समय रहेको छ । व्यापार व्यवसाय तथा रोजगार गरेका व्यक्तिहरु लाई ठिकै रहला ।

**वृश्चिक :** अवसर आउनेछ तर अवसर लाई प्रयोग गर्ने प्रयास गर्नुहोला । परिश्रमको मुल्य अबश्य आउनेछ । भबिश्यको लागि बिशेष जग बसाल्ने समय रहेको छ । साथी भाईको भेटघाटले उत्साह थपिने समय छ । प्रतिस्पर्धामा सफलता रहने समय छ । नसोचेको व्यक्तिहरुले धोका दिने समय रहेको देखिन्छ ।

**धनु :** सामाजिक कार्यमा सफलता रहने समय छ । नराम्रो स्रोच्नेहरु बाट कार्यमा बाधा दिनेछन । मेहनत बाट कार्यमा सफलता आउला । बिगतमा रोकिएका कार्यहरु सम्पादन हुनेछ । नयाँ कामको बहन गर्नुपर्ने छ । तपाईको मेहनत बाट अरुले फाईदा लिने प्रयास गर्नेछन । प्रयास बाट कामहरु बन्नेछन ।

**मकर :** बिगतमा केहि रोकिएका कामहरु सम्पादन हुने समय रहेको छ । नसोचेको ठाउँ बाट लाभ रहने समय देखिन्छ । स्वास्थ्यमा केहि प्रतिकुलता रहने समय देखिन्छ । हतारमा केहि बस्तु हराउने समय देखिन्छ । आफन्तको सहयोग रहने देखिन्छ । घराँयसि कार्यमा केहि उताव चडावमय समय रहेको छ ।

**कुम्भ :** अवसरहरु थुपै आउनेछन ,निर्णय लिएर अगाडि बढनु होला । आफन्त बाट तपाईको कमजोरीको आलोचना गर्ने देखिन्छ । स्वास्थ्यमा बाधा रहने समय छ । अरुको भरमा पर्दा कार्यमा बाधा आउला । साथीभाईको कारणले कार्यमा बाधा रहने समय छ । रमाईलो भेटघाटमय समय आउनेछ । दैनिक काम ठिकै छ ।

**मीन :** आलस्यता गर्ने बानीले समस्या बनाउनेछ । तपाईको मेहनत बाट अरुको लागि सहयोग हुनेछ । तपाईको कार्यमा बाधा दिनेहरु प्रशस्त्र हुनेछ । गोपिनियतामा बिशेष ख्याल गरेर अगाडि बढनु होला । अरुको सल्लाह सुझावलाई मध्यनजर गरेर अगाडि बढनु होला । नियमित कार्य लाई समय दिदा राम्रो होला ।

रेखदेख www.rekhadekh.com
हामी जे देख्छौं, त्यही लेख्छौं
२०७६ फागुन २६ सोमबार ।
9 March 2020 Monday
अन्तिम पाना
जि.प्र.का.रूकुम द.नं. ६/२०७१/२०७२
रुकुम जि.हु.द.नं. ११/२०७१/२०७२



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
पहाडी साना किसानका लागि अनुकुलन आयोजना
प्रकाशन मिति: २०७६।११। २६ गते

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय अन्तर्गत दातृ निकाय International Fund for Agriculture Development (IFAD) को सहयोगमा पहाडी साना किसानका लागि अनुकुलन आयोजना (Adaptation for Smallholders in Hilly Area Project) अन्तर्गत रुकुम जिल्लाका तपसिलमा उल्लेखित गाउँपालिका र नगरपालिकाका वडाहरुको लागि सामाजिक परिचालक आवश्यक भएको हुँदा यो विज्ञापन प्रकाशन भएको मितिले १५ दिन (मिति २०७६।१२।१० गते) भित्र योग्यता पुगेका आवेदकहरुले तोकिएको फाराम भरी उल्लेख भए बमोजिमका कागजातहरु संलग्न गरी Email Address: rukum@kantipurjob.com मा पेश गर्नु हुन सम्पूर्ण इच्छुक आवेदकहरुलाई आव्हान गरिन्छ ।

| क स (१) | गाउँपालिका वा नगरपालिकाको नाम (२) | सामाजिक परिचालकले काम गर्नु पर्ने वडाहरुं (३) | कार्य क्षेत्र (Duty Station) संकेत (४) | आवश्यक संख्या (५) |
|---|---|---|---|---|
| १ | चौरजहारी नगरपालिका | १० र ११ | A (ए) | १ |
| २ | चौरजहारी नगरपालिका | १२, १३ र १४ | B (वि) | १ |
| ३ | सानीभेरी गाँउपालिका | १ र २ | C (सी) | १ |
| ४ | सानीभेरी गाँउपालिका | ३ र ४ | D (डि) | १ |
| ५ | सानीभेरी गाँउपालिका | ५ र ६ | E (ई) | १ |
| ६ | सानीभेरी गाँउपालिका | ७ र ८ | F (एफ) | १ |
| ७ | सानीभेरी गाँउपालिका | ९, १० र ११ | G (जि) | १ |
| ८ | त्रिवेणी गाँउपालिका | १ | H (एच) | १ |
| ९ | त्रिवेणी गाँउपालिका | २ र ३ | I (आई) | १ |
| १० | त्रिवेणी गाँउपालिका | ४ र ५ | J (जे) | १ |
| ११ | त्रिवेणी गाँउपालिका | ६ र ७ | K (के) | १ |
| १२ | त्रिवेणी गाँउपालिका | ८, ९ र १० | L (एल) | १ |
| १३ | भूमे गाँउपालिका | १ र २ | M (एम) | १ |
| १४ | भूमे गाँउपालिका | ३ र ४ | N (एन) | १ |
| १५ | भूमे गाँउपालिका | ५ र ६ | O (ओ) | १ |
| १६ | भूमे गाँउपालिका | ७ र ८ | P (पी) | १ |
| १७ | पुथाउत्तरगंगा गाँउपालिका | १ | Q (क्यू) | १ |
| १८ | पुथाउत्तरगंगा गाँउपालिका | २ | R (आर) | १ |
| १९ | पुथाउत्तरगंगा गाँउपालिका | ५ र १४ | S (एस) | १ |
| जम्मा | | | | १९ जना |

**योग्यता र अनुभव** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE वा SLC पास भई सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा ३ वर्ष काम गरेको वा ं२ वा प्रमाणपत्र तह पास भएको र कम्तिमा २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा कार्य गरेको हुनु पर्नेछ ।

**उमेर हद** : १८ वर्ष पूरा भई यो विज्ञापनको मिति समाप्त हुने दिन सम्म ४५ वर्ष ननाघेको ।

**ग्रायता** : सम्बन्धित वडाका उम्मेदवारहरुलाई पहिलो प्राथमिकता हुनेछ भने तत्पश्चात सम्बन्धित गाउँपालिका र नगरपालिकाका उम्मेदवारहरुलाई दोश्रो प्राथमिकता दिइनेछ । महिला, विवाहित महिला, जानजाति र दलितका लागि विषेश प्राथमिकता दिइनेछ ।

**पेश गर्नु पर्ने आवश्यक कागजातहरू**:
१.शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
२.कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी ।
३.सामाजिक परिचालनसँग सम्बन्धित तालिमका प्रमाणपत्रहरुको प्रतिलिपी (तीन दिन वा सो भन्दा माथिको अवधि भएको सम्बन्धित तालिमको प्रमाणपत्र भए मात्र पेश गर्नु हुन अनुरोध छ)
४.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
५.सम्बन्धित वडा वा गाउँपालिकारनगरपालिमा विज्ञापनको अन्तिम मिति भन्दा कम्तिमा तीन महिना अघि देखि स्थायी बसोबास भएको देखिने वडा कार्यालयबाट प्रमाणित कागजात ।
६. विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
७. जनजाति वा दलितको हकमा अधिकार प्राप्त निकायद्बारा जारी गरिएको प्रमाणपत्रको प्रतिलिपी ।

**द्रष्टव्य**:
१. प्रतिष्पर्धा सम्बन्धीत कार्य क्षेत्र (Duty Station) का लागि प्राप्त भएका आवेदनहरुका विचमा हुनेछ ।
२. सम्पूर्ण माग गरिएका आवश्यक कागजातहरु स्पष्ट रुपमा देखिने गरी Scan गरी तोकिएको फाराम भरी Email Address मार्फत नै पेश गर्नु पर्नेछ ।
३. आवेदकले दरखास्त पेश गर्दा कार्य क्षेत्र (Duty Station) संकेत अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ भने एक जना आवेदकले एक मात्र कार्य क्षेत्र (Duty Station) को लागि आवेदन दिन सक्नेछ । एक भन्दा बढी कार्य क्षेत्र (Duty Station) उल्लेख भएको आवेदन मुल्याँकन प्रक्रियामा समावेश गरिने छैन ।
४. तोकिएको आवेदन फाराम www.kantipurjob.com बाट प्राप्त गर्न सकिनेछ। उक्त आवेदन फारममा भर्नुपर्ने सम्पुर्ण विवरणहरु भरी माथी उल्लेखित ईमेल ठेगानामा ईमेल गरी पठाउनु पर्नेछ ।
५. म्याद समाप्त भए पश्चात प्राप्त भएका आवेदनलाई मुल्याँकन प्रक्रियामा समावेश गरिने छैन ।
६. सम्बन्धित कार्य क्षेत्र (Duty Station) का लागि सोही गाँउपालिका वा नगरपालिकाका उम्मेदवारहरु मात्र आवेदन दिनका लागि योग्य (Eligible) हुनेछन् ।
७ छनौट भएका सामाजिक परिचालकहरुलाई कामको आवश्यकता अनुसार रुकुम जिल्ला अन्तर्गत आयोजना संचालन भएका कुनै पनि गाउँपालिका वा नगरपालिकाका वडाहरुमा कुनै पनि बखत परिचालन गर्न सक्ने अधिकार आयोजनामा नै निहित रहने छ ।

**थप जानकारीको लागि**
कान्तिपुर म्यानेज्मेन्ट प्रा. लि.
पन्चायन मार्ग, थापाथली, काठमाण्डौ, नेपाल
फोन नम्बर +९७७१ ४५१५७२, ४२५१५९९
ईमेल : rukum@kantipurjob.com
KANTIPURJOB KANTIPURJOB.COM


# यो हो दुनियाँकै ठूलो नुनको मैदान



दक्षिण अमेरिकी मुलुक बोलिभियामा विश्वकै ठूलो नुनको मैदान रहेको छ । उक्त मैदानको नाम सालर डी उयुनी हो । समुद्र सतहभन्दा ३ हजार ६५६ मिटर को उचाइमा एन्डिज पर्वतमालाको पठारमा रहेको यो मैदान १० हजार ५ सय वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ ।

यो नुन मैदान बोलिभियाको सबैभन्दा लोकप्रिय पर्यटकीय क्षेत्र पनि बनेको छ । त्यो विशाल सेतो मैदान हेर्नका लागि विश्वभरबाट वर्षेनी लाखौं पर्यटकहरु त्यहाँ पुग्दछन् ।

हिउँ जमेको समुद्र जस्तै देखिने विशाल सेताम्य मैदानको बीचमा ज्वालामुखी चट्टानहरु सानो टापुजस्तो देखिन्छन् । अझ सेतो क्यानभासमा स-साना काला थोप्लाहरु जस्तै । त्यसमध्ये सबैभनदा चर्चित क्वेशुआमा रहेको इंकाको घर वा इंका हाउसी हो । इंका सभ्यताका मानिसहरु यो नुनको मैदान पार गर्ने बेलामा त्यहीं चट्टानी थुम्कोमा बास बस्ने गर्दथे । ४० मिटरसम्म अग्लो रहेको यो चट्टानको आसपासमा विभिन्न दुर्लभ संरचना तथा समुद्री जीवका जिवाश्महरु देखिन्छन् । यो मैदानलाई प्रागऐतिहासिक युगमा रहेको मिनचिन तालको अन्तिम अवशेष पनि मानिन्छ। उक्त विशाल ताल २० हजार वर्षदेखि ४० हजार वर्ष पहिलेको समयमा सुकेको विश्वास गरिन्छ । इंकाहाउसीमा हजारौँ सिउँडीका रुखहरु पनि उम्रिएका छन् । यी सिउँडीका रुख वर्षमा केवल १-२ सेन्टिमिटर मात्र बढ्दछन् । जसको उचाइ अधिकतम १० मिटर र आयु ३ सय वर्षसम्म हुन्छ । नुनको मैदान लगभग पूर्ण रुपमा समथर छ । कुनै एक ठाउँबाट अर्को ठाउँको उचाइँमा एक मिटर भन्दा धेरै फरक छैन । त्यसैले वर्षाको समयमा वा नजिककैका पानीका तलाउहरुबाट पानी बगेर आएको खण्डमा यो मैदान एक विशाल तालमा परिणत हुन्छ ।

डिसेम्बरदेखि मार्च वा अप्रिलसम्मको वर्षात् हुने समयमा यो नुनको मैदान जब विशाल तालमा परिणत हुन्छ, तब त्यहाँ घुम्न आउने मानिसहरुको घुइँचो लाग्दछ । त्यस बेला सेताम्मे नुनको मैदानमा भरिने पानीले यसलाई एक विशाल ऐनामा परिणत गर्दछ, जसमा पूरै आकाशमा सुन्दर प्रतिबिम्ब देखिन्छ । एजेन्सीको सहयोगमा


## मुसीकोट नगरपालिकाद्वारा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

मुसिकोट नगरपालिको कार्यालय
रुकुम (पशिचम) कर्णाली प्रदेश नेपाल



## भुमे गाउँपालिकाको जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउौं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

भुमे गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल


रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका-१, मिडियाचोक रुकुम
फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम